लेनदेनको विगो नं.-२/६

## तेह्रथुम जिल्ला अदालत

## लिलाम बढावढको सुचना

वादी जिल्ला मोरङ कानेपोखरी गाउँपालिका वडा नं.६ रमाइलो बस्ने दल बहादुर विश्वकर्माको नाति डम्बर बहादुर विश्वकर्माको छोरा वर्ष २७ को खगेन्द्र बराइली तथा प्रतिवादी जिल्ला तेह्रथुम लालिगुराँस नगरपालिका वडा नं. ५ दागपा बस्ने महेश्वर वि.क.को नाति छत्र बहादुर विश्वकर्माको छोरा वर्ष ३५ को सुर्यबहादुर विश्वकर्मा भएको लेनदेनको विगो मुद्दामा तेह्रथुम जिल्ला अदालतको मिति २०७७/०८/२३ गतेको फैसला बमोजिम वादीले प्रतिवादीवाट भरिपाउने ठहरेको विगो रु.६,८०,४२१/- (छ लाख असि हजार चार सय एक्काइस रुपैयाँ) प्रतिवादीले वादीलाई नबुझाएको र सो रकम अदालतमा दाखिल गर्न समेत नल्याएको हुँदा बादीले फैसला अनुसार प्रतिबादीबाट भरि पाउने बिगो प्रतिवादीका बाबु छत्रबहादुर विश्वकर्मा नाम दर्ताको तपशिलमा उल्लेखित सम्पतिवाट असुल उपर गरि पाऊ भनि दरखास्त परी कारवाही भई प्रतिवादीको उक्त सम्पती २०७९/६/२५ गते यस अदालतमा पहिलो पटकको डाँक लिलाम हुने भएकोले डाँक बढाबढ गरी डाँक लिलाम सकार गर्न चाहने सर्वसाधारण सबैको जानकारीको निमित्त यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

१. यस अदालतको तहसिल शाखामा मिति **२०७९/६/२५** गते दिनको ११ बजेदेखि २ बजेसम्म डाँक लिलाम हुने भएकोले उक्त डाँक लिलाममा उपस्थित भई बोलकबोल गर्न सकिनेछ।
२. डाँक लिलाम गर्न तोकिएको दिन सार्वजनिक विदा परे सोको भोलिपल्ट डाँक लिलाम हुनेछ।
३. कायम भएको न्यूनतम पञ्चकृति मूल्यबाट डाँक बढाबढ गर्नुपर्नेछ ।
४. डाँक लिलामको बखत बोलकवोल गरेको अंकको १० प्रतिशतले हुन आउने रकम सोही दिन दाखिल गर्नुपर्नेछ ।वाँकी बोलकवोल रकम डाँक लिलाम भएको मितिले सात दिनभित्र दाखिल गर्नुपर्नेछ । त्यसरी सात दिनभित्र बाँकी रकम दाखिला नगरे डाँक लिलाम भएको दिन दाखिल भएको १० प्रतिशत रकम जफत गरी पुनः डाँक लिलामको सूचना प्रकाशित गरिनेछ ।
५. डाँक लिलाम बढाबढ हुँदा सबैभन्दा बढी अंक बोलकबोल गर्नेलाई डाँक सकार गराइनेछ।
६. डाँक लिलाम सम्बन्धमा बुझ्नुपर्ने भए यस अदालतको तहसिल शाखामा सम्पर्क राख्नु होला।

**डाँक लिलाम हुने सम्पत्तिको विवरण**

| सि.नं. | जग्गाधनीको नामथर | गा.वि.स./न.पा. | कि नं | क्षेत्रफल | लिलाम हुने क्षेत्रफल | डाँक बोल्नुपर्ने न्यूनतम अंक | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | छत्रबहादुर विश्वकर्मा | दागपा-२ | २० | २-७-३-० | विगो रकमले खामजति | पञ्चकृति मुल्याङ्कन बमोजिम | प्रतिवादी सूर्य बहादुर विश्वकर्माको अंशभाग जति मात्र लिलाम हुने |
| २ | छत्रबहादुर विश्वकर्मा | दागपा-२ | २३ | ०-४-३-० | | | |
| ३ | छत्रबहादुर विश्वकर्मा | दागपा-२ | १५१ | १-८-२-० | | | |
| ४ | छत्रबहादुर विश्वकर्मा | दागपा-२ | १६४ | ३-१५-२-० | | | |
| ५ | छत्रबहादुर विश्वकर्मा | दागपा-२ | १६५ | ०-२-३-० | | | |
| ६ | छत्रबहादुर विश्वकर्मा | दागपा-२ | २१ | २-११-२-० | | | |

**सूचना टाँस हुने**

- जिल्ला प्रशासन कार्यालय तेह्रथुम
- कोष तथा लेखा नियन्त्रकको कार्यालय तेह्रथुम
- मालपोत कार्यालय तेह्रथुम
- नापी कार्यालय तेह्रथुम
- लालिगुराँस नगरपालिका वडा नं. ५ को कार्यालय
- साविक दागपा गा.वि.स. वडा नं. २ को कि.न. २० समेतको जग्गा
- अदालतको सूचना पाटी

ईती संम्बत २०७९ साल भाद्र २८ गते रोज ३ शुभम.............................................................................